# विनियोजन ऐन, २०७६

## स्वामीकार्तिक खापर गाउँपालिका

## सुईजिउला वाई बाजुरा

## सुदुरपश्चिम प्रदेश नेपाल

स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विनियोजन ऐन,

**प्रस्तावनाः**

स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुका लागि संञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २२९ को उपधारा २ ले दिएको अधिकार प्रयोग गरी,

स्वामीकार्तिक खापर गाउँ सभाले यो ऐन संञ्चितकोषबाट रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा ऐन बनाई लागु गरिएको छ ।

**१ : संक्षिप्त नाम र प्रारम्भ :** (क) यस ऐनको नाम स्वामीकार्तिक खापर गाउँपालिकाको विनियोजन ऐन २०७६ रहेको छ ।

(ख) यो ऐन बनेपछि प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको विनियोजन विद्येयक २०७६ सम्झनुपर्छ ।

(ख) " कार्यपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ग) " गाउँपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिका सम्झनुपर्छ ।

(घ) " सभा" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(ङ) " संविधान" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको संविधान सम्झनुपर्छ ।

**३. आर्थिक वर्ष २०७६ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने** : (१) आर्थिक वर्ष २०७६।०७७ को नियमित गाउँ कार्यपालिका, वडा कार्यालय , विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत जम्मा गरी रकम रु. ३५९६१२०००।- अक्षेरुपी पैतिस करोड छयानब्बे लाख बाह्र हजार रुपैंया मात्र ) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ ।

**४. विनियोजन** : (१) यस ऐन द्वारा संञ्चितकोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने छ।

उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकमा जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षंकहरुमा रकम सार्न  तथा निकासा र खर्च गर्न सकिने छ।

(३) पुँजिगत खर्च वित्तिय व्यवस्थापन अर्न्तगत विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्ने सकिने छ। गाउँपालिकाको वित्तिय समानीकरण शिर्षकको रकम पुँजिगत शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ। चालु शिर्षकको रकम आवश्यकता अनुसार पुँजिगत शिर्षकमा रकमान्तरण गरी खर्च गर्न सकिनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट अर्को शीर्षकमा २५% रकम रकमान्तर गर्न र कुनै नबढ्ने गरी कुनै शिर्षकमा विनियोजित सबै रकम खर्च नहुने भएमा गाउँ कार्यपालिकाको निर्णयले सो रकम अन्य शिर्षकमा रकमान्तरण गर्न सक्नेछ। तर यस निर्णयलाई गाउँ सभामा अुमोदन गराउनु पर्नेछ।

## अनुसुची १

( दफा २ संग सम्बन्धित )

( नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम )

रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च( संघीय शर्सत र राजश्व बाँडफाँड) | पुँजिगत खर्च( संघ प्रदेश , आन्तरिक आय,अल्या ) | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | १५९००० | ११२८१२ | ८७८०० | ३५९६१२ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा व्याज | | | | |
| ५ | | लगानी ( शेयर ऋण) | | | | |
| | | | | | | |
| जम्मा | | | | | | ३५९६१२ |

धन्यवाद

प्रमाणित गर्ने

चिरन्जीवी शाही, अध्यक्ष

स्वामीकार्तिक खापर गाउँपालिका बाजुरा